पान नं. ६०५७५८२८३

श्र.रो.प्र.वि. ३५९

# पेशागत बीमा अभिकर्ता संघ नेपाल
# Professional Insurance Agent Association Nepal

"राष्ट्रिय ट्रेड युनियन"

## केन्द्रिय समिति

काठमाडौं, नेपाल

मितिः २०८१/०६/०४

श्रीमान् अध्यक्ष ज्यू,
नेपाल बीमा प्राधिकरण,
कुपण्डोल, ललितपुर, नेपाल ।

**विषय : प्रस्तावित बीमा नियमावली २०८१ ले नेपालको जीवन बीमा व्यवसाय धराशायी बनाउन लागेको सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा नेपालमा स्वरोजगार व्यवसाय गर्ने तीन लाख भन्दा बढी श्रमजीवी बीमा अभिकर्ताहरु हाल विभिन्न जीवन बीमा कम्पनीमा कार्यरत रहेका छन् । बीमा सेवाको काम अत्यन्न जटील, सम्वेदनशील र एक प्राविधिक विषय हो । बीमा व्यवसायलाई उन्नत र उर्जाशील बनाउन राज्यका सरोकारवाला निकायहरुबाट सकारात्मक भूमिका खेल्नु पर्दछ । राज्यका महत्वपूर्ण निकाय र पदाधिकारीहरुवाट श्रमजीवीहरुको अवमूल्यन गर्ने गरेका कारण अन्य क्षेत्रको भन्दा नेपालको बीमा क्षेत्रमा काम गर्ने श्रमजीवी अभिकर्ताहरुले पाउने सेवा सुविधा हालसम्म अत्यन्त न्यून छ । यद्यपि नेपालमा कार्यरत बीमा अभिकर्ताहरुले सामान्य जीवनयापन गरेर नेपालको बीमा क्षेत्रको समग्र विकासका साथै राष्ट्रिय पूँजी निर्माणमा ठूलो योगदान गरि रहेका छन्, देश विकासमा सहयोग गरेकाछन् ।

बीमा अभिकर्ताहरुले देशका कुना कन्दरासम्म पारदर्शी तरिकाले आर्थिक गतिविधि चलायमान बनाउँदै नेपाली समाजको आर्थिक सामाजिक स्तरलाई अझ माथि उकास्ने पवित्र काम गरि रहेका छन् । मानव जीवनको कुनै पनि समयमा आइपर्ने संकटको घडीमा आफू र परिवारको लागि आर्थिक सुरक्षा र वचत गर्न सिकाउने सबै भन्दा ठूलो सञ्जाल अभिकर्ताहरुको छ । बीमा अभिकर्ताहरु आम बीमितको सेवामा निश्वार्थढंगले अहोरात्र खटिरहेका छन् । आर्थिक गतिविधिलाई मर्यादित बनाउने, देशको राजश्व वृद्धि गर्न सहयोग गर्ने तथा पारदर्शी र गुणस्तरीय बीमा सेवाका लागि निरन्तर प्रयत्नशील छन् ।

बीमामा कार्यरत जनशक्तिले कुल ग्राहस्थ उत्पादनमा बीमाको योगदानको अनुपातलाई वृद्धि गर्न निरन्तर सहयोग गरेको अवस्था छ । नेपालको कुल जनसंख्याको ४४.२०% बीमा क्षेत्रले समेट्न सकेको, ग्राहस्थ उत्पादनमा बीमा क्षेत्रको अनुपात आ.व.२०७८/७९ मा ३.६०% र आ.व.२०७९/८० मा ३.४०% रहेको तथ्याङ्क सार्वजनिक भएको छ, जसमा बीमा अभिकर्ताहरुको योगदान ९५ प्रतिशत भन्दा बढी छ र आगामी दिनमा यस क्षेत्रको योगदान अझै बढाउँदै लग्न सकिने अवस्था छ ।

सम्पर्कः केदारनाथ अधिकारी, अध्यक्ष, ९८५६०२१५४७, ओम बहादुर खत्री, महासचिव, ९८५११६१०९७, रुक बहादुर गुरुङ, कोषाध्यक्ष, ९८५६०२९१८६
Email: piaannepal@gmail.com

Scanned with CamScanner

# पेशागत बीमा अभिकर्ता संघ नेपाल

## Professional Insurance Agent Association Nepal

"राष्ट्रिय ट्रेड युनियन"

### केन्द्रिय समिति

काठमाडौं, नेपाल

यसै सन्दर्भमा नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ को दफा १६८ को उपदफा १ बमोजिम बीमा नियमावली २०८० को मस्यौदा प्राधिकरणको संचालक समितिको मिति २०८०/०२/१३ गतेको निर्णय अनुसार स्वीकृतिका लागि पठाएको थियो। नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पठाएको बीमा नियमावली २०८० को प्रस्तावित मस्यौदाका धेरै जसो प्रावधानहरु नेपालको जीवन बीमा व्यवसायलाई नकारात्मक प्रभाव पार्ने उद्धेश्यबाट प्रस्ताव भएकाले त्यसमा असहमति जारी गर्दै संलग्न लिस्ट अनुसारका १७ वटा प्राधानहरु सुधार गर्न र पुनर्लेखन गर्न हामीले पटक पटक अनुरोध गरिसकेका छौं। बीमा ऐन २०७९ को दफा १६८ का विभिन्न प्रावधान अनुसार सर्वमान्यमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नियमावली बनाउनु पर्नेमा नेपालको समग्र जीवन बीमा व्यवसाय धराशायी बनाउन बीमा नियमावली २०८० ( हाल: बीमा नियमावली २०८१) प्रस्ताव हुनु श्रमजीवी जनता प्रति अन्याय हो, बीमा व्यवसायको अपमान हो, अत्याचार हो।

बीमा नियमावली २०८० मा प्रस्तावित विभिन्न प्रावधानहरु मध्ये केही प्रावधान सुधार गर्न र केही प्रावधानहरु हटाउन नेपाल बीमा प्राधिकरण तयार् भएको भनिएको थियो तर दर्जनौ पटक निवेदन गर्दा पनि हाम्रो सरोकारका विषयमा हालसम्म गहन छलफल हुन सकेको छैन र संसोधन भएको जानकारी छैन। बीमा नियमावली २०८० को अन्तिम मस्यौदा तयार हुनु अगाडि आवश्यक छलफल गर्ने वातावरण बनाइदिनु भनेर हामीले ताहाँ बीमा प्राधिकरणमा यस अगाडि पनि धेरै पटक निवेदन गरिसकेका छौं, तर कुनै सुनुवाई भएको छैन, यो अत्यन्त दु:खद् एवम् गम्भिर विषय हो भन्ने हामीलाई लागेको छ।

प्रस्तावित बीमा नियमावली २०८१ मा हटाउनु पर्ने तथा सुधार गर्नु पर्ने संलग्न लिस्ट अनुसारका बुँदाहरु संसोधन नभएमा यसले समग्र बीमा क्षेत्रलाई कमजोर बनाउने र बीमा व्यसाय धराशायी हुने भएकाले बीमा नियमावलीको अन्तिम मस्यौदा नेपाल सरकार मन्त्रिपरिषद्मा पेश हुन अगाडि संसोधनका लागि निवेदन गर्न चाहन्छौं। देशको आर्थिक, सामाजिक समृद्धिका लागि बीमा सेवाको महत्वबारे सरोकार राख्ने सम्वद्ध पक्षलाई कुनै जानकारी नदिएर प्रस्तावित बीमा नियमावली जारी भएमा लाखौं श्रमजीवी अभिकर्ताहरु बीमा सेवाको काम नगर्न वाध्य हुनेछन्। यस्तो निन्दनीय कार्य आम बीमितको सर्वोपरी हित विपरित पनि हुनेछ। यसले नेपालको बीमा क्षेत्रको विकास र विस्तारमा अत्यन्त ठूलो अवरोध गर्ने छ। यस्तो सम्वेदनशील विषयलाई पटक पटक उठाउँदा समेत कुनै सुनुवाइ नहुनु रहस्यमय छ। कुनै एउटा कुलिन व्यक्ति/घरानियाँ समूह विशेषको स्वार्थपूर्तिका लागि आम बीमितको सर्वोपरी हित र श्रमजीवी अभिकर्ताहरुका जायज मागहरुलाई नेपाल सरकारको जिम्मेवार निकायबाट नै उपेक्षा गरिदैछ।

सम्पर्क: केदारनाथ अधिकारी, अध्यक्ष, ९८५६०२१५४७, ओम बहादुर खत्री, महासचिव, ९८५११६१०९७, रुक बहादुर गुरुङ्ग, कोषाध्यक्ष, ९८५६०२९१८६
Email: piaannepal@gmail.com

Scanned with CamScanner

# पेशागत बीमा अभिकर्ता संघ नेपाल

## Professional Insurance Agent Association Nepal

"राष्ट्रिय ट्रेड युनियन"

**केन्द्रिय समिति**

काठमाडौं, नेपाल

यस्तो गलत, अमान्य, अपमानपूर्ण र अक्षम्य काम हुन नदिन अर्थ मन्त्रालय र नेपाल बीमा प्राधिकरण जिम्मेवार भै दिनु हुनेछ भन्ने विश्वास छ।

पेशागत बीमा अभिकर्ता संघले दिएका सुझावहरु बीमा नियमावलीमा नसमेटिएको अवस्थामा देशका ठूला शहर देखि कुना कन्दरासम्म अहोरात्र खटिरहेका आम अभिकर्ताहरुले वि.स.२०४९ देखि खाइपाई आएको सेवा सुविधा नपाउने अवस्था छ। अभिकर्ता र बीमीतका सेवा सुविधा खोसेर बीमा नियमावली २०८१ (पहिला बीमा नियमावली २०८०) प्रस्ताव भएकोले यो अत्यन्त घातक छ, यसले हाम्रो देशको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने छ। जीवन बीमा अभिकर्ताहरुले आफूले श्रम गरे वापत पाउने पारिश्रमिक भनेको वा श्रमको मूल्य भनेको नै कमिशन र इन्सेन्टिभ हो। विभिन्न जालझेल गरेर कमिशन नदिने र इन्सेन्टि नदिने, रोक्ने र बीमितलाई सेवा गर्न बन्चित गर्ने अनि बीमा कम्पनीमा जम्मा भएको रकम अनियमित तरिकाले हिनामिना गर्ने मनसायले नियमावली ल्याउन खोज्नु अत्याचारको पराकाष्ठा नै हो। नेपालमा बीमाको दायरालाई अझ फराकिलो बनाएर सबै नेपाली जनताले सर्वसुलभ तरीकाले बीमाको सेवा पाउने गरी विस्तार गर्नु पर्दछ भनेर हामीले निरन्तर आवाज उठाइरहेका छौं। यस संवेदनशील विषय प्रति किन जिम्मेवार पदाधिकारीको ध्यान गैरहेको छैन।

जीवन बीमा जनताको सेवा गर्ने एक प्रकारको पवित्र काम भएकाले यसमा गरिने कुनै पनि जनभावना विपरितका कार्यहरुवाट समग्र नेपाली अर्थतन्त्रलाई कमजोर बनाउने छ। यसले बीमा क्षेत्रमा कार्यरत जनशक्ति विदेश पलायन हुन बाध्य हुने र आम सर्वसाधारणले बीमा क्षेत्रमा गरेको लगानीको कुनै प्रतिफल प्राप्त नहुने र लगानी डुब्ने सम्मको अवस्था रहन्छ। बीमा नियमावली २०८० ( हाल बीमा नियमावली २०८१) मा प्रस्ताव भएका कतिपयं विषयहरु जीवन बीमा क्षेत्रलाई बदनाम गर्ने मनसायले राखेको पाइन्छ। प्रस्तावित बीमा नियमावली बाट पर्न जाने भयावह असरको जिम्मा नेपाल सरकार, अर्थमन्त्रालय र स्वय नेपाल बीमा प्राधिकरणले नै लिनुपर्ने हुन्छ। यसर्थ प्रस्तावित बीमा नियमावली (२०८१) को अन्तिम मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश हुनु अगाडि पेशागत बीमा अभिकर्ता संघ नेपाल सँग आवश्यक छलफल गरी बीमा नियमावली ल्याउने वातावरण बनाई दिनु हुन श्रीमान् अध्यक्ष ज्यू समक्ष पुन : हार्दिक अनुरोध गर्दछौं। स–धन्यवाद

ओम बहादुर के.सी.
महासचिव

केदारनाथ अधिकारी
अध्यक्ष

सम्पर्क: केदारनाथ अधिकारी, अध्यक्ष, ९८५६०२१५४७, ओम बहादुर खत्री, महासचिव, ९८५११६१०९७, रुक बहादुर गुरुङ्ग, कोषाध्यक्ष, ९८५६०२९१८६
Email: piaannepal@gmail.com

Scanned with CamScanner

# पेशागत बीमा अभिकर्ता संघ नेपाल

## Professional Insurance Agent Association Nepal

**"राष्ट्रिय ट्रेड युनियन"**

**केन्द्रिय समिति**

काठमाडौं, नेपाल

पेशागत बीमा अभिकर्ता संघ नेपालले तत्कालिन समय (२०८०/०२/२६) मा पाएको मस्यौदा अनुसार प्रस्तावित बीमा वियमावली २०८० (हाल प्रस्तावित बीमा नियमावली २०८१) ले नेपाली बीमा क्षेत्रलाई पार्ने नकारात्मक असरहरुका विषयमा आफ्ना धारणाहरु विस्तृत रुपमा सोही दिन नेपाल बीमा प्राधिकरणमा बुझाई सकेका छौं । आम नेपाली नागरिकलाई बीमा सेवा दिन र यो क्षेत्रलाई आशा लाग्दो र सम्भावना भएको सुरक्षित र सम्मान् जनक बनाउन आवश्यक छ । कानुनी छिद्रहरु खोजेर कुन कुन बुंदाहरुलाई तोड मरोड गरिएको र जालझेल गरेर अन्य बुंदामा समावेश भएको पनि हुन सक्छ । त्यसैले आवस्यक छलफल गरेर मात्र प्रस्तावित बीमा नियमावलीको फाइनल ड्राफ्ट तयार हुनु पर्दछ भन्ने हाम्रो माग रहेको छ । प्रस्तावित नियमावली २०८० मा हटाउनु पर्ने तथा सुधार गर्नु पर्ने कुराहरु संक्षिप्तमा निम्न अनुसार रहेका छन् :

१. बीमा ऐन २०४९ र बीमा नियमावली २०४९ मा भएका प्रावधानहरु मार्फत अभिकर्ताहरुले पाईरहेका सेवा सुविधाहरु, यस अगाडि बीमा समितिबाट जारी आदेशहरु बाट प्राप्त सुविधाहरु, प्राधिकरण सँग एवम् विभिन्न बीमा कम्पनीहरु सँग अभिकर्ता प्रतिनिधिहरु बीच विगतमा भए, गरेका सम्झौताहरु मार्फत श्रमजीवी अभिकर्तालाई दिइएका सेवा सुविधाहरु घटाउन, हटाउन र तोडमरोड नगरी दिनु हुन अनुरोध छ ।

२. नेपाल बीमा प्राधिकरण ऐन २०७९ ले कतै परिकल्पना नगरेको वेव एग्रिगेटरले अनलाईन माध्यमबाट सबै कम्पनीका बीमालेख विक्रि गर्ने, विस्लेषण गर्ने लगाएतका प्रावधान हटाउनु पर्दछ।

३. परिच्छेद ५ नियम ४४ को खण्ड (घ) मा अन्य बीमा अभिकर्ता भनिएको छ । यो हटाउन पर्दछ।

४. नियम ४५ को उपनियम (२) मा संस्थागत अभिकर्ताको विषय समावेश छ । संस्थागत अभिकर्ताको इजाजत पत्र कुनै पनि बैंक तथा वित्तिय कारोवार गर्ने संगठित संस्थालाई दिन हुदैन। यो व्यवस्था बीमितको सर्वोपरी हित विपरित हुन्छ ।

५. बीमा अभिकर्ताको योग्यता सम्वन्धि नियम ४६ को उपनियम (१) को खण्ड (ख) मा मन्यता प्राप्त संस्था वा वोर्डबाट दश जोड दुई वा प्रविणता प्रमाण पत्र वा सो सरह उतिर्ण गरेको भन्ने व्यवस्था संसोधन गरी यस अगाडि इजाजन पत्र लिईसकेका अभिकर्ताहरुलाई पुरानो योग्यता अनुसार इजाजत पत्र दिने र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

६. बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण सम्वन्धि नियम ४७ को उपनियम (१) को खण्ड (ख) मा विक्री गरेको बीमालेख प्राधिकरणले निर्धारण गरे बमोजिमको प्रतिशतमा नवीकरण भएको प्रमाण पेश गर्नु पर्ने भन्ने प्रावधान हटाउनु पर्दछ ।

७. बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण सम्वन्धिं नियम ४७ को उपनियम (१) को खण्ड (ग) मा बीमालेख बिक्री गर्दा बीमितलाई प्राधिकरणले निर्धारण गरेबमोजिमको सेवा उपलब्ध गराएको प्रमाण पेस गर्नु पर्ने प्रावधान हटाउनु पर्दछ ।

८. नियम ४८ उपनियम (२) मा बीमा अभिकर्ताको कमिशन तथा प्रोत्साहन (इन्सेन्टिभ) सम्वन्धि व्यवस्था विगतमा अभिकर्ताहरुले खाईपाई आएको भन्दा नघट्ने गरी व्यवसाय विस्तारका आधारमा पुरानो

सम्पर्क: केदारनाथ अधिकारी, अध्यक्ष, ९८५६०२१५४७, ओम बहादुर खत्री, महासचिव, ९८५११६१०९७, रुक बहादुर गुरुङ्ग, कोषाध्यक्ष, ९८५६०२९१८६
Email: piaannepal@gmail.com

Scanned with CamScanner

व्यवस्थामा अझ केहि प्रतिशत थप सुविधा दिने प्रावधान राख्नु पर्दछ। एकल बीमशुल्क जीवन बीमामा अभिकर्तालाई प्रोत्साहन (इन्सेन्टिभ) दिन पाइने छैन भन्ने प्रावधान हटाउन पर्दछ।

९. प्रस्तावित बीमा नियमावली २०८० को नियन ४८ उपनियम (३) र यस सँग सम्वन्धित अनुसूची १० मा नविकरण दरका आधारमा इन्सेन्टिभ कट्टा गर्ने प्रावधान नियमावली बाट हटाउन पर्दछ।

१०. नियम ४८ उपनियम (४) मा भएको व्यक्तिगत छुटको प्रावधान हटाउन पर्दछ। यो संस्थागत छुट पनि ८ प्रतिशतको सट्टामा ३ प्रतिशत वा सो भन्दा कम मात्र दिनु पर्दछ।

११. नियम ४८ उपनियम (५) मा अभिकर्तालाई १५ वर्ष पछि लोयल्टी इन्सेन्टिभ दिने भनिएको छ। पहिलो वर्ष देखि नै लोयल्टी इन्सेन्टिभ, बीमा सुविधा लगाएतका सामाजिक सेवा सुविधा दिने भन्नु पर्दछ।

१२. बीमा नियमावलीको नियम ४८ उपनियम (६) मा यस नियम बमोजिमको कमिशन तथा इन्सेन्टिभ प्राप्त गर्न बीमा अभिकर्ताको इजाजत पत्र बहाल रहेको हुनु पर्नेछ भन्ने प्रावधान हटाउन पर्दछ।

१३. नेपालमा सञ्चालित बीमा कम्पनीहरुले विक्रि गरिरहेका बीमालेखहरु बाट प्राप्त गरिरहेको कमिशन, इन्सेन्टिभ लगाएतका सेवा सुविधा घटाउन, हटाउन र तोडमरोड गर्न पाइने छैन।

१४. अभिकर्ताले काम गरेको कमिशन तथा इन्सेन्टिभ उसको मृत्युपश्चात पनि परिवारको नजिकको नातेदारले पाउने नियमावलीमा प्रस्टसंग लेखिनु पर्दछ।

१५. प्रस्तावित बीमा नियमावलीको अनुसूची ७ मा अभिकर्ताको इजाजत शुल्क दुई हजार पाँच सय, नविकरण शुल्क एक हजार र विलम्व शुल्क एक हजार घटाएर अहिले भैरहेको व्यवस्था अनुसार कायम गर्नु पर्दछ।

१६. प्रस्तावित नियमावलीको नियम ४८ को उपनियम (१) खण्ड (क) सँग सम्वन्धित अनुसूची ९ मा एकल बीमा शुल्कमा पहिलो ५ वर्षमा समानुपातिक रुपमा कमिशन भूक्तानी पाउने भन्ने प्रावधान हटाउन पर्दछ।

१७. बीमा ऐन २०७९ अनुसार सर्वमान्य मान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी नेपाली बीमा बजार, आम बीमितहरु र अभिकर्ताहरुलाई सहज रुपमा काम गर्ने वातावरण सिर्जना गरेर अर्थतन्त्र बलियो बनाउने गरी बीमा नियमावली ल्याउन आवाश्यक छलफल गर्ने बातावरण बनाई दिनु हुन पुनः हार्दिक अनुरोध गर्दछौं।

(नोट : माथी उल्लेखित दफाहरु प्रस्तावित नियमावली २०८० बाट लिइएको हो प्रस्तावित बीमा नियमावली २०८१ मा विषय वस्तु र दफाहरु फरक हुन सक्छन् )

सम्पर्कः केदारनाथ अधिकारी, अध्यक्ष, ९८५६०२१५४७, ओम बहादुर खत्री, महासचिव, ९८५११६१०९७, रुक बहादुर गुरुङ, कोषाध्यक्ष, ९८५६०२९१८६
Email: piaannepal@gmail.com

Scanned with CamScanner